# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
## नियमन तथा व्यवस्थापन विभाग


## बोर्डबाट इजाजत पत्र पाएका धितोपत्र दलाल, मर्चेण्ट बैंकर र सम्बद्ध सवै पक्षहरुलाई अत्यन्त जरुरी सूचना

कोभिड- १९ महामारीको संक्रमण बढीरहेको सन्दर्भमा सुरक्षाका उपायहरु उपर अझै बढी ध्यान पुर्‍याउन आवश्यक भएको व्यहोरा सवैमा विदितै छ । गत बर्षदेखी लगानीकर्ताहरु प्रत्यक्ष उपस्थित नभई अनलाईन मार्फत धितोपत्र कारोवार गर्न सक्ने बनाइएको हुदाँ सिष्टम संचालन गर्न बाहेक सवैलाई कार्यालयमा भौतिक उपस्थिती नभई कार्य गर्न सूचित गरिएको छ । नेपाल सरकारको सार्वजनिक सूचनालाई पूर्णतया पालना गर्दै यस अवस्थामा देहाय बमोजिमका थप सुरक्षा मापदण्ड अपनाउनु हुन यस बोर्डबाट इजाजत पत्र पाएका धितोपत्र दलाल, मर्चेण्ट बैंकर र सम्बद्ध सवै पक्षहरुलाई अनुरोध गरिन्छ ।

(१) सिस्टम सर्पोट र सूचना प्रविधी सम्बन्धी कार्य Work from home मार्फत संचालन गर्ने ।

(२) सिष्टम संचालनको लागि कार्यालयमा ३ जनाभन्दा बढी कर्मचारी नखटाउने ।

(३) गुनासा तथा समस्या सामाधानको लागि प्रयोग भईरहेको कार्यालयको फोनलाई कल डाइभर्ट गरी घरैबाट त्यस्तो सुविधा उपलब्ध गराउने व्यवस्था गर्ने र थप मोवाइल नम्बरहरु उपलब्ध गराउने ।

(४) स-सना लगानीकर्ताहरुलाई दैनिक घरखर्च वा औषधी उपचारको लागि शेयर बेचेको अवस्थामा लगानीकर्ताको अनुरोधमा सम्बन्धित ब्रोकरले सम्भव भएसम्म आवश्यकता अनुसारको रकम तत्काल उपलब्ध गराई सहयोग गर्ने ।

(५) जति सक्दो संक्रमणको पहिचान हुन्छ त्यती चाडो उपचारमा सहज हुने हुदा कर्मचारीहरुमा कोरोनाको लक्षण देखिएमा तत्काल Isolate हुने व्यवस्था गरी परीक्षण गराउने व्यवस्था गर्ने ।

(६) नेपाल सरकार र जिल्ला प्रशासन कार्यालयबाट जारी गरेका आदेश अनुसारका स्वास्थ्य मापदण्डहरु तथा व्यवस्थाहरु पूर्ण रुपमा पालना गर्ने ।

कार्यकारी निर्देशक
२०७८।१।३०


पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np